# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला डोटी, बडीकेदार गाँउपालिका वडा नं. २ मा रहेको समाज कल्याण जनजागृत सामुदायिक बनको काठ बेची बैंकमा राखेको रकम सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष र केही सदस्यहरु मिली आफुखुसी निकाली हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण सामुदायिक वन उपभोक्ता समितिले समितिको वनक्षेत्रमा वृक्षारोपणका लागि रू.६७,५००।- वरावरको विभिन्न जातका विरुवा खरिद गरेको भनी सो वापतको एकमुष्ट रकम रु.६७,५००।—रकम भुक्तानी गरेको भनेता पनी उक्त खर्चको बिल समावेश गर्न नसकेको र नर्सरी रहेको सम्बन्धमा सोधपुछको लागि पत्राचार गर्दासमेत सञ्चालक फेला परेको नदेखिएको, वृक्षारोपण गरेको भनिएको ठाउँको गाउँपालिकाबाट अनुगमन गर्दा विरुवा रहे भएको नदेखिएबाट उक्त रकम बुझे बुझाएको भनी झुट्टा बिल भरपाई अभिलेख राखी राख्न लगाई रकम हिनामिना गर्ने नियतसाथ बनावटी नाममा भरपाई खडा गरी भुक्तानी लिई दिई समितिको रकम हिनामिना गरेको, समाज कल्याण सामुदायिक वन उपभोक्ता समितिबाट संचालन भएको भनिएको ३ महिना अवधिको सिलाई कटाई तालिममा ८ जना सहभागीहरुले प्रति ब्यक्ति रु.२९,३१२।- बुझेको भरपाई राखेको देखिएकोमा उक्त एकै भरपाईको सम्वन्धमा डिभिजन वन कार्यालय डोटी र समाज कल्याण सामुदायिक वन उपभोक्ता समितिबाट छुट्टाछुट्टै फरक भरपाईको प्रमाणित प्रतिलिपि पेस भएको देखिएकोबाट उक्त भरपाईहरु सिर्जित तथा वनावटी रहेको स्थापित भएको, साथै समाज कल्याण सामुदायिक वन उपभोक्ता समितिबाट बछैन डाडादेखि सैनेरीसम्मको घोरेटो बाटो मिति २०७६/०३/१३ देखी २०७६/०३/२२ गते सम्म मर्मत गराएको डोर हाजिरीको सक्कल प्रति हेर्दा उक्त निर्माण कार्यमा पवित्रा बुढा, लक्ष्मी देवी साउद, हिरा देवी पुन र गौरादेवी भाटसमेत संलग्न रहेको र निज पवित्रा बुढा, लक्ष्मी देवी साउद, हिरा देवी पुन र गौरादेवी भाटसमेत मिति २०७६/०३/१२ देखि २०७६/०६/१२ गते सम्म सिलाई कटाई तालिममा रहेको र सोही बमोजिम रकम रु.२९,३१२।- को दरले भुक्तानी लिए दिएको भनी कागजात तयार गरे गराएको देखिएबाट एकै समयमा उक्त तालिम स्थल भन्दा लगभग ९४ कि.मी दुरी फरकको स्थान तथा लगभग २ घन्टा ४५ मि. मोटर यात्राको टाढा दुरीमा रहेको बछैन डाडा देखि सैनेरी सम्मको घोरेटो बाटो निर्माणमा निज पवित्रा बुढा, लक्ष्मी देवी साउद, हिरा देवी पुन र गौरादेवी भाटसमेत नै संलग्न रही मिति २०७६/०३/१३ देखि २०७६/०३/२२ गते सम्म कार्य गरेको भनी डोर हाजिरी तयार गरी गराई सो हाजिरी वापतको ज्याला रकमसमेत भरपाई गराई बुझाएको देखिएबाट एकै व्यक्ति एकै समय/मितिमा तालिममा पनि सहभागी भएको र सोही समयमा निर्माण कार्यमा पनि सहभागी हुन सक्ने अवस्था नदेखिएबाट समाज कल्याण जनजागृत वन उपभोक्ता समितिका अध्यक्ष पदम बहादुर पुन मगर, सचिव तारा देवी साउद र कोषाध्यक्ष दिल बहादुर साउद क्षेत्रीसमेतको आपसी मिलेमतो तथा योजनामा आफूसमेतलाई गैरकानूनी लाभ र सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले आफ्नो ओहदाको एवं सो सम्बन्धी कर्तव्य पालन गर्दा सार्वजनिक संस्था समाज कल्याण सामुदायिक वन उपभोक्ता समितिको सम्पत्ति जानीबुझी मिलेमतोमा बदनियत राखी झुट्टा तथा नक्कली वनावटी कागजातहरु तयारी गरी गराई अभिलेखमा राखी संचालन नै नभए नगरेको तालिम वापतको रू.२,३४,४९६।— र वन विकासतर्फ नर्सरीबाट विरुवा खरिदनै नगरेको अवस्थामा खरिद

गरेको भनी रू.६७,५००।- गरी बिगो रू.३,०१,९९६।— (तीन लाख एक हजार नौ सय छयानब्बे रुपैयाँ) हिनामिना हानि नोक्सानी तथा दुरुपयोग गरे गराएको स्थापित भएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | समाज कल्याण जनजागृत बन उपभोक्ता समितिका अध्यक्ष **पदम बहादुर पुन मगर**, सचिव **तारा देवी साउद** र कोषाध्यक्ष **दिल बहादुर साउद** | रु.३,०१,९९६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. तीन लाख एक हजार नौ सय छयानब्बे रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी